# स्थानीय राजपत्र

हरिनास गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ६ चित्रेभञ्ज्याङ, स्याङ्गजा, आषाढ ३ गते, २०७९ संख्या : १


## भाग १

स्थानीय सरकार

हरिनास गाउँपालिका

चित्रेभञ्याङ्ग, स्याङ्गजा गण्डकी प्रदेश, नेपाल

### हरिनास गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको सूचना

**हरिनास गाउँपालिका गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको हरिनास गाउँपालिकाको स्वास्थ्य बिमा सम्बन्धी ऐन, २०७९" सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

## स्वास्थ्य बीमा सम्बन्धी ऐन, २०७९

**प्रस्तावना :**

हरिनास गाउँपालिकाबाट यस गाउँपालिका भित्र स्वास्थ्य कार्यक्रमहरु थप गरि संचालन गर्न "पालिका भित्रका अति बिपन्न तथा बिपन्न नागरिकहरुलाई स्वास्थ्य बिमाको दायरा भित्र ल्याई स्वास्थ्य जीवन यापन गर्न र अर्थ अभावका कारण स्वास्थ्य उपचारमा समस्या हुन नदिनको लागि हरिनास गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २०२ ले दिएको अधिकार प्रयोग गरी "हरिनास गाउँपालिकाको स्वास्थ्य बिमा सम्बन्धी ऐन २०७९" गाउँपालिकाको १२ औ गाउँ सभाले स्वीकृत गरि जारी गरेकोछ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

क. यस ऐनको नाम "हरिनास गाउँपालिकाले स्वास्थ्य बिमा सम्बन्धि ऐन २०७९" रहेको छ ।

ख. यो ऐन गाउँ सभालेले पारित गरि हरिनास गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन गरेको  मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा -

क. "अध्यक्ष " भन्नाले क्रमशः गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ख. उपाध्यक्ष भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

ग. प्रमुख प्रशासकीय अधिकृत भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

घ. स्वास्थ्य शाखा भन्नाले गाउँपालिकाको स्वास्थ्य शाखालाई र अधिकृत भन्नाले सो शाखामा कार्यरत अधिकृत कर्मचारीलाई बुझाउदछ ।

ङ. "ऐन" भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४", सार्बजनिक खरिद ऐन २०६३ स्वास्थ्य बिमा ऐन लगाएतका प्रचलित ऐनहरुलाई सम्झनु पर्दछ ।

च. "हरिनास गाउँपालिकाले स्वास्थ्य बिमा सम्बन्धि कार्य बिधी ऐन २०७९" भन्नाले "हरिनास गाउँपालिकामा संचालन हुने हरिनास गाउँपालिकामा बसोबास गर्ने अति विपन्न तथा बिपन्न नागरिक को लागि गरिने स्वास्थ्य कार्यक्रम कार्यन्वयन गर्नको लागि जारी गरिएको ऐन २०७९" लाई  सम्झनु पर्दछ ।

छ. "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ज. "स्वास्थ्य कर्मचारी" भन्नाले गाउँपालिका/स्वास्थ्य चौकी/ सामुदायिक स्वास्थ्य इकाई / आधारभूत स्वास्थ्य सेवा केन्द्रमा कार्यरत स्वास्थ्य सेवाका प्राबिधिक कर्मचारी सम्झनु पर्दछ ।

झ. स्वास्थ्य संस्था भन्नले स्वास्थ्य चौकी/सामुदायिक स्वास्थ्य इकाई/ आधारभूत स्वास्थ्य सेवा केन्द्रलाइ  सम्झनु पर्दछ ।

ञ. स्वास्थ्य समिति भन्नाले वडा स्थित संचालनमा रहेका स्वास्थ्य सस्था संचालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्छ,

ट. कार्यक्रम भन्नाले स्वास्थ्य संग सम्बन्धित कार्यक्रमहरुलाई सम्झनुपर्छ ।

ठ. नसर्ने रोग भन्नाले मुटु, मधुमेह, दम, प्रेसर, मनोरोग/मानसिक रोग,क्यान्सर आदि नसर्ने प्रकृतिका रोगहरुलाई सम्झनु पर्छ ।

ढ. एम्बुलेन्स भन्नाले नाफा रहित बिरामीको सेवाको लागि आधिकारिक निकायमा दर्ता भै संचालनमा रहेका एम्बुलेन्सलाई सम्झनु पर्छ ।

ण. स्वास्थ्य बिमा बोर्ड भन्नाले नेपाल सरकारले गठन गरेको राष्ट्रिय स्तरको स्वास्थ्य बिमा बोर्डलाई सम्झनु पर्छ ।

त. अस्पताल भन्नाले नेपाल सरकार, प्रदेश सरकार स्थानीय सरकारको स्वामित्वमा रहेका वा अनुमति प्राप्त गरि संचालनमा रहेका अस्पताललाई सम्झनुपर्छ ।

थ. चिकित्सक, स्वास्थ्यकर्मी भन्नाले समबन्धित सेवा समुहसंग सम्बन्धित दक्ष जनशक्तिलाई सम्झनुपर्छ ।

द. परिषद भन्नाले नेपाल मेडिकल काउन्सिल, नेपाल स्वास्थ्य व्यवसायी परिषद नेपाल नर्सिंग परिषद आयुर्बेद परिषद लगाएतका अन्य कानुन बमोजिम गठन भएका परिषद्लाई सम्झनु पर्छ ।

ध. दर्ता सहयोगी भन्नाले स्वास्थ्य बिमा बोर्डबाट छनौट गरीस्वास्थ्य बिमा गराउने प्रयोजनको लागि तोकिएका दर्ता सहयोगीलाई सम्झनुपर्छ ।

न. स्वास्थ्य बिमा समन्वय समिति भन्नाले नेपाल स्वास्थ्य बिमा बोर्ड ऐन बमोजिम गठित समितिलाई पालिका समन्वय समितिलाई सम्झनुपर्छ ।

३. **ऐन लागू हुने क्षेत्र र सेवाः** यो ऐन हरिनास गाउँपालिका भित्र लागु हुनेछ ।

४. **कार्यक्रम** (१) यस ऐन बमोजिम हरिनास गाउँपालिका संचालन हुने स्वास्थ्य बिमा सम्बन्धी कार्यक्रम तालिम, स्वास्थ्य क्षेत्रसंग सम्बन्धित, औषधि तथा औषधि जन्य सामाग्री, जनचेतना मुलक गोष्ठी कार्यक्रम, स्वास्थ्य सेवा तथा औषधि सम्बन्धि गरिने कार्यक्रमलाई सम्झनुपर्छ ।

(२) दर्ता अधिकारी भन्नाले स्वास्थ्य बिमा बोर्डका दर्ता अधिकारीलाई सम्झनुपर्छ ।

क. कुनै पनि व्यक्तिले पाउने सुबिधा स्वास्थ्य बिमा बोर्डले तोकेको बमोजिम हुनेछ ।

ख. अनुसूची ४ (१) क बमोजिम बिमा सुबिधा पाई सकेका व्यक्तिले उक्त सुबिधा लिनको लागि स्वास्थ्य बिमा बोर्डको

नियामानुसारको प्रक्रिया पु¥याउनु पर्नेछ । स्वास्थ्य बिमाका दर्ता सहयोगी मार्फत लाभग्राही सुचिमा सुचिकृत भइ सो बेला प्राप्त हुनेछ ।

**५.** **कार्यक्रम** (१) यस ऐनमा उल्लेखित भएका कुरा यसै बमोजिम बमोजिम र अन्य कुरा स्वास्थ्य बिमा ऐन तथा नियामावली बमोजिम हुनेछ र

(२) यस ऐनमा उल्लेख भएका कुरा प्रचलित अन्य ऐन प्रचलित संग बाझियमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

**६.** **कार्यक्रम** (१) यस ऐनमा कुनै दुबिधा उत्पन्न भएमा त्यसको थप ब्याख्या गाउँ सभाले गर्नेछ ।

(२) यस आगाडी यसै प्रकृतिका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

आज्ञाले;

**पर्शुराम उपाध्याय**

प्रमुख प्रशासकीय अधिकृत